वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ

bhanjyangnews.com

निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी

सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत

"विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

वेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

यूट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमूलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १७९ | २०८३ कात्तिक २० गते शुक्रबार, नेपाल सम्वत् ११४६ November 06, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



भिमादमा १०औ मेयर कप सुरू

तनहुँको नगरपालिकाले विहीबारदेखि सञ्चालन गरेको भिमाद नगरपालिका स्तरीय राष्ट्रपति रनिङ सिल्ड तथा दशौं मेयर कप प्रतियोगिता-२०८३ को शुभारम्भका अवसरमा मार्चपासमा सहभागि भएको भिमादस्थित जनज्योति माध्यमिक विद्यालयका विद्यार्थीहरू । विद्यार्थीहरूलाई शारीरिक र मानसिक रूपमा सबल बनाउने, विद्यार्थीहरू बिच स्वस्थ प्रतिस्पर्धा गराउने तथा टिमवर्क को भावना विकास गर्ने उद्देश्यले भिमाद रङ्गशालामा आयोजित कार्यक्रममा शनिबारसम्म विभिन्न विधाका खेलकुद प्रतियोगिता सञ्चालन गराइने भएको छ ।

तस्विर : भञ्ज्याङ

पोखरामा सन्नाटा, सिजनमै पर्यटकको खडेरी

प्रकाश ढकाल/पोखरा

हाँसिरहेको हिमाल, सफा आकाश। खुलेको मौसम र सुन्दर प्रकृतिलाई नजिकबाट महसुस गर्न विश्वका पर्यटकले शरद ऋतुमा नेपाल रोज्छन् । त्यसमा पनि पर्यटनको राजधानी पोखरा नरोज्ने त कुरै छैन। नेपालका लागि असोज र कात्तिक मुख्य पर्यटकीय याम हो । यो सिजनमा पोखरामा होटल र पर्यटकीय व्यवसायीहरूलाई पाहुनाको स्वागत र सत्कार गर्न भ्याइ-नभ्याइ हुनुपर्ने हो। लेकसाइडका गल्लीहरु पदयात्री र अन्य पर्यटकले भरिभराउ हुनुपर्ने यही सिजन यसपालि भने खासै गुल्जार छैन । पर्यटक नआएपछि व्यवसायी पनि फुर्सदिला बनेका छन् ।

अघिल्ला वर्ष ९० देखि ९५ प्रतिशतसम्म अकुपेन्सी हुने पोखराका होटलमा यतिबेला मुस्किलले ६० प्रतिशत हाराहारीको व्यापार छ । भदौ १० गते भोटेकोशीमा आएको बाढी र त्यसपछि नेपालका विभिन्न ठाउँमा आइरहेका विपत्तिका कारण विदेशीमात्रै होइन, नेपाली पर्यटकसमेत घरबाट निस्किन सकेका छैनन् ।

विपत्तिको अनुमान भएपछि सरकारले नै ट्राभल एड्भाइजरी जारी गर्न थालेको छ । यही एड्भाइजरीका कारण अहिले पोखरा र आसपासको पर्यटन थला परेको व्यवसायीहरुको गुनासो छ । भोटेकोशी क्षेत्रको बाढीले समग्र नेपालकै पर्यटन बजारमा नकारात्मक सर्किट हान्यो ।

त्यसपछि मर्स्याङदी र कालीगण्डकी हुँदै बुढीगण्डकीमा पनि ठुलो बाढी आयो । विपदको समयमा सतर्कता अपनाउन राज्यले खतराका सूचनाहरु जारी गरिरहयो, तर उक्त सूचना हतारमा अपरिपक्व ढंगले गरिएको व्यवसायीहरुको गुनासो छ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेल सरकारले सूचना जारी गर्दा भविष्यमा पर्ने असरलाई बेवास्ता गरेको बताउँछन् । एकपछि अर्को एडभाइजरीका कारण नेपाल घुम्न आइसकेका र आउने तयारीमा रहेका विदेशी पर्यटकहरु भड्किएको उनले सुनाए । 'पोहोर सालको भन्दा अहिले झन् राम्रो हुनुपर्ने हो, तर सिजनमै बाढी र पहिरोले थलियो हाम्रो व्यवसाय', उनले भने, 'सरकारले एडभाइजरी जारी गऱ्यो । नेपालमा पर्यटन क्षेत्र जोखिममा छ भन्ने ठुला समाचारहरु बने, जसले गर्दा पर्यटकहरु घटे। यसरी पर्यटक घटिरहेका छन् कि हामी आफैं पनि चकित छौं ।'

जोखिम नरहेका ठाउँमा पनि सरकारले अनावश्यक कडाइ गरेको उनको आरोप छ । 'सरकारको उद्देश्य त राम्रै होला, तर जोखिम नभएका ठाउँमा पनि पर्यटक नजाऊ भनिदिएको छ। ट्रेकिङ नजाउ, गएकालाई फिर्ता बोलाऊ भनेर सूचना हालेपछि बिचबाटै फिर्ता बोलाउनुपऱ्यो,' उनले भने ।

अविरल वर्षा र बाढीपछि गण्डकीका प्रमुख पर्यटकीय गन्तव्यमै अवरोध छ । अन्नपूर्ण क्षेत्र अन्तर्गत मनाङ र कालीगण्डकी कोरिडोरका सडकहरु बाढीले बगाएको छ । मनास्लुको पनि बुढीगण्डकी बाढीले पदमार्ग समेत बगाइदिएको छ । यसपछि पदयात्रा र तीर्थाटन दुवै क्षेत्र नराम्रो प्रभावित भएका छन् । 'अनकन्ट्याक्ट रूटहरुमा रोक्नु राम्रो होला, तर होमस्टे भएका, गाउँहरु भएका ठाउँमा पनि रोक्नु राम्रो होइन नि', भुजेलले भने, 'अन्नपूर्ण जान आएका पर्यटकलाई बुढीगण्डकीको बाढी देखाएर बाटोमै रोक्नु हुँदैनथ्यो।'

अहिले पोखरामा केही विदेशी पर्यटक देखिए पनि आन्तरिक पर्यटक निकै कम छन् । पोखरा आउने पर्यटकको आधिकारिक तथ्याङ्क राख्ने निकाय अहिलेसम्म तयार भएको छैन। ट्वाक्क संख्यामा लेख्न नसके पनि अहिले विगतभन्दा पर्यटकको संख्या अत्यधिक घटेको पर्यटन व्यवसायीहरुको अनुमान छ । होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी विपत्तिको गलत व्यवस्थापन गर्दा सिजनमै पर्यटनले बढी क्षति ब्यहोरेको बताउँछन् । 'पर्यटक यतिबेला एकदम राम्रो हुनुपर्ने हो । अहिले बर्बादै भइहाल्यो भनेको होइन, तर आधा अकुपेन्सी घटेको छ', सुवेदीले भने, 'भोटेकोशीको बाढीबाट सुरू भएर बुढीगण्डकीसम्म आइपुग्दा व्यवसाय नराम्ररी थलिएको छ।'

पोखराको पर्यटन धानेका मुख्य तीन पक्ष छन् । एउटा विदेशी पदयात्री, अर्का भारतीय तीर्थयात्री र बाँकी नेपाली फिरन्ते । अहिले तीन वटै क्षेत्रमा एकसाथ मन्दी देखिएको सुवेदीले सुनाए । यतिबेला भारतीय पर्यटकहरुको मुख्य आकर्षण मुक्तिनाथ दर्शन हो । कालीगण्डकी कोरिडोर क्षतविक्षत भएपछि उनीहरु जान पाएका छैनन् । 'यतिबेला भारतीय पर्यटक आउँछन्। अनि अन्नपूर्ण र मनास्लुको पदयात्रामा जाने विदेशी हुन्छन्,' सुवेदीले भने, 'भारतीय पर्यटक यसपालि आउन सकेनन् । दसैंको केही दिन आन्तरिक पर्यटकले चलेको थियो । पूर्णमिापछि त्यो पनि रोकियो ।'

सरकारले दसैंपछि वर्षा र आँधीको चेतावनी जारी गरेपछि

बाँकी अन्तिम पेजमा



अनुदान र स्थानीय खपतको नीतिले फूलमा आत्मनिर्भर बन्दै व्यास

भञ्ज्याङ समाचारदाता/दमौली

किसानलाई अनुदान, उत्पादनको प्रोत्साहन र स्थानीय फूलको प्रयोगलाई प्राथमिकता दिन थालेपछि व्यास नगरपालिका पुष्प उत्पादनमा आत्मनिर्भर बन्दै गएको छ । तिहारमा आवश्यक सयपत्री र मखमली फूल नगरभित्रै उत्पादन हुन थालेपछि स्थानीय किसानको आम्दानी बढ्नुका साथै पुष्प खेती व्यावसायिक बन्दै गएको हो ।

पुष्प खेती विस्तारका लागि नगरपालिकाले किसानलाई उत्पादन सामग्री खरिदमा ५० प्रतिशत अनुदान उपलब्ध गराउँदै आएको छ । सयपत्री र मखमली फूल खेती गर्ने किसान, कृषि फर्म, कृषक समूह तथा सहकारीलाई लक्षित गरी सञ्चालन गरिएको कार्यक्रमले व्यावसायिक खेती विस्तारमा सहयोग पुगेको नगरपालिकाको भनाइ छ ।

अनुदान कार्यक्रमअन्तर्गत किसानले फूलको बीउ तथा बेर्ना, मलखाद, प्लान्ट हर्मोन तथा सूक्ष्म तत्त्व, कृषि औजार र उपकरण एवं बाली संरक्षण सामग्री खरिदमा सहयोग पाउने गरेका छन् । उत्पादन लागत घटाएर किसानलाई फूल खेतीतर्फ आकर्षित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो ।

नगरपालिकाले उत्पादनसँगै बजार व्यवस्थापन र स्थानीय खपतलाई पनि प्राथमिकता दिएको छ। नगरभित्र फूल खेती गर्ने किसान तथा कृषि फर्मको विवरण सार्वजनिक गर्दै स्थानीय उत्पादन प्रयोग गर्न आग्रह गरिएको छ । व्यास-४ को चापाघाट कृषि फार्म, वडा नं. १० को कृप कृषि तथा पशु फार्म र वडा नं. १३ को मान्तिरीबारी फार्मलगायतका स्थानमा सयपत्री र मखमली फूल



बाँकी तेश्रो पेजमा

सम्पादकीय .....

www.bhanjyangnews.com

थानीमाई मन्दिर : आस्था, सौन्दर्य र सद्भावको अद्वितीय धरोहर

तनहुँको भानु नगरपालिका-७ वसन्तपुरस्थित थानीमाई मन्दिर आज केवल पूजा-आराधनाको स्थान होइन, आस्था, विश्वास, सद्भाव र सौन्दर्यको संगम बनेको छ । चार सय वर्षभन्दा अगाडिदेखि स्थानीय समुदायको जीवनसँग गाँसिएको यो तीर्थस्थल अहिले देशका विभिन्न जिल्लाबाट भक्तजन आउने गन्तव्य बनेको छ। वि.सं. १८२५ तिर भोटेनी आमाछोरी हावाहुरीमा परेपछि अन्तर्ध्यान भएको किंवदन्तीले सुरू गरेको यो मन्दिर आज जनआस्थाको केन्द्र बनिसकेको छ । कात्तिक महिनाका मंगलबारहरूमा यहाँको दृश्य अत्यन्तै भव्य र रमाइलो हुन्छ । यस वर्ष मात्रै दोस्रो, तेस्रो र चौथो मंगलबार बीस हजारभन्दा बढी भक्तजनले थानीमाईको दर्शन गरेका छन् । यो वर्षको कात्तिको तोश्रो मंगलबार मात्रै ९१ वटा फूलको डोलीसहित विभिन्न जिल्लाबाट बोकेर आएका करिब दश हजार भक्तजनले परिक्रमा गर्दै 'थानीमाईको जय जयकार' गुञ्जाएपछि वसन्तपुर डाँडा धार्मिक उल्लासले भरिन पुग्यो । तनहुँ, लमजुङ, गोरखा, चितवन, काठमाडौं, कास्की र नवलपरासीसम्मका भक्तजनले फूलको डोलीसहित पूजा-अर्चना गर्ने परम्परा जीवित छ । विश्वास छ- थानीमाईलाई फूलको डोली चढाउनेले मनोकामना पूरा पाउँछन् । मन्दिरको आस्थासँगै यहाँको सामाजिक संरचना पनि उदाहरणीय छ । यहाँ जातीय भेदभाव छैन, सबै धर्मावलम्बीहरूको समान पहुँच छ । मन्दिरमा मगर समुदायका पूजारीहरु छन्, दलित र अन्य समुदायका भक्तजन बराबरी श्रद्धासाथ प्रवेश गर्छन् । यहाँ बलि चढाइँदैन, जसले मन्दिरलाई सफा र शान्त बनाएको छ । थानीमाई मन्दिर सद्भाव र सहअस्तित्वको जीवन्त प्रतीक बनेको छ- जहाँ ब्राह्मण, क्षत्री, मगर, नेवार, दलित र मुस्लिमहरु एउटै आस्थाको छातामुनि भेटिन्छन् । मन्दिरसँग जोडिएको जनश्रुति पनि रोचक छ । भोटबाट आएकी आमाछोरीले गाउँलेबाट बास नपाएर कटुसको रूखमुनी बिताएको रात र त्यसपछि आएको विपत्ति- यी कथाहरूले यहाँको धार्मिक चेतनामा गहिरो प्रभाव पारेका छन्। त्यही घटनालाई देवत्वको रूपमा स्वीकार्दै जमलसिंह पाटामगरले सपनामा पाएको सन्देशअनुसार पूजाआजा सुरू भयो र थानीमाईको आराधना सुरू भई आजसम्म निरन्तर रहँदै आएको छ ।

२०७२ सालको भूकम्पले मन्दिरमा क्षति पुऱ्याएको थियो । तर, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा उपलब्ध १४ लाख र मन्दिरको भेटीबाट संकलित रकम गरी करिब २० लाख रूपैयाँको लागतमा पुनर्निर्माण सम्पन्न भएको छ । व्यवस्थापन समितिले मन्दिरको आम्दानीबाट खानेपानी, शौचालय, पौवा र भक्तजनका लागि बस्ने व्यवस्था जस्ता आवश्यक पूर्वाधार तयार पारेको छ । हरेक वर्ष करिब पाँच लाख रूपैयाँ आम्दानी हुने गरेको र त्यसैबाट पूजारी र कर्मचारीको पारिश्रमिक व्यहोर्ने गरिएको समितिले बताएको छ । मन्दिरको धार्मिक आस्था र विश्वाससंगै भौगोलिक र प्राकृतिक सौन्दर्यले पनि पर्यटकलाई लोभ्याउँछ । समुद्री सतहबाट करिब १,२०० मिटर उचाइमा रहेको मन्दिरबाट हिमालको सेता श्रृंखला, गोरखाको लिगलिग कोट, पालुङटार, राइनसकोट, तनहुँसुर दरबार, मिर्लुङकोटदेखि छिम्केश्वरीसम्मको विहङ्गम दृश्य एकै नजरमा अवलोकन गर्न सकिन्छ । यहाँको हिमाल छोएको बतास र हरियाली डाँडाकाँडा धार्मिकता मात्र होइन, ध्यान र विश्रान्तिको पनि अद्भुत वातावरण दिन्छ ।

थानीमाई मन्दिरमा पुग्ने बाटो भने कच्चिनै छ । डुम्रे-बेसिशहर सडकखण्डको अर्चलधारासम्म पिच सडक र त्यहाँबाट लौडारी भञ्ज्याङ हुँदै १६ किलोमिटर कच्ची सडक पार गर्नुपर्छ । वैकल्पिक रूपमा डुम्रे-भन्सार हुँदै चुँदी टुहुरेपसल र चन्द्रावतीतर्फको बाटो पनि छ । यसअघि भक्तजन हिँडेरै फूलको डोलीसहित पुग्थे, अहिले भने सवारी सुविधाले यात्रा सहज बनाएको छ । थानीमाई मन्दिर तनहुँको मात्र नभई गण्डकी प्रदेशकै धार्मिक-पर्यटकीय सम्पदाको महत्वपूर्ण केन्द्र बन्न सक्ने क्षमता राख्छ । यहाँको सांस्कृतिक परम्परा, प्राकृतिक दृश्य र धार्मिक समावेशिताले यस क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन सक्ने सम्भावना प्रष्ट छ । भानु नगरपालिकाले मन्दिर क्षेत्रको पूर्वाधार, सडक र प्रचारमा प्राथमिकता दिएको बताएको छ, तर त्यो पर्याप्त छैन । अझ योजनाबद्ध पर्यटन पूर्वाधार, नियमित प्रचार-प्रसार र स्थानीय सहभागिताको सशक्त संयोजन आवश्यक छ । थानीमाई मन्दिर आस्थाको केन्द्र मात्रै होइन- सामाजिक सद्भाव, जातीय सहिष्णुता र प्रकृतिप्रेमको सुन्दर उदाहरण हो । तनहुँको पहिचान बोकेको यो धरोहरलाई देशकै धार्मिक-पर्यटकीय केन्द्रका रूपमा रूपान्तरण गर्न सके, यो केवल तनहुँको गौरव होइन, नेपालको पनि शान बन्न सक्छ ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

बुढेसकालको एक्लोपन : विदेशमा सन्तान, रित्तिँदै घरको आँगन

समयसँगै यो समाज पनि बदलिदै छ । मानिसका सोच, सपना, आवश्यकता र जीवनशैली पनि परिवर्तन हुँदै गएका छन् । कुनै समय एउटै घरको आँगनमा हजुरबा, हजुरआमा, बुवाआमा, छोराछोरी, बुहारी र नातिनातिना सँगै बसेर सुखदुःख बाँड्ने नेपाली समाज आज बिस्तारै फरक स्वरूपमा परिवर्तन भइरहेको छ । गाउँदेखि सहरसम्मका घरहरूबाट युवा पुस्ता विदेशिने क्रम बढ्दो छ । कसैका लागि विदेश जानु बाध्यता बनेको छ, कसैका लागि रहर, त कसैका लागि आर्थिक अवस्था सुधार्ने माध्यम त कसैका लागि उच्च शिक्षा हासिल गरेर आफ्नो जीवनलाई नयाँ उचाइमा पुऱ्याउने सपना।

आज हजारौँ नेपाली खाडी मुलुकका चर्को घाममा पसिना बगाइरहेका छन् । कोही निर्माण क्षेत्रमा, कोही होटल तथा रेस्टुरेन्टमा, कोही अस्पतालमा त कोही विभिन्न उद्योग र कलकारखानामा श्रम आमाबुवा उमेरको अन्तिम चरणमा आफ्नै घरभित्र एक्लै जीवन बिताउन बाध्य भइरहेका छन् । कतिपयका घरमा ताला लागेका छन्, कतिपयका घर भाडामा छन् । बाहिरबाट हेर्दा उनीहरूसँग घरजग्गा, सम्पत्ति र आर्थिक सुविधा देखिन्छ, तर जीवनको सबैभन्दा कठिन समयमा साथ दिने आफ्नै मान्छेको अभाव छ ।

यही बदलिँदो सामाजिक यथार्थलाई झल्काउने एउटा घटना हालै अस्पतालमा देख्न र सुन्न पाएँ, जसले मेरो मन निकै भावुक बनायो । आज अस्पतालमा ८२ वर्षीय एक वृद्ध बुवा आउनुभएको थियो। उमेरले शरीर निकै कमजोर भइसकेको थियो। हिँडडुल गर्न कठिन थियो। स्वास्थ्य अवस्था पनि त्यति सहज थिएन । आफू अशक्त अवस्थामा हुँदा अस्पतालसम्म आउनसमेत उहाँलाई निकै समस्या परेको रहेछ । छिमेकीसँग हारगुहार गर्दै, 'मलाई अस्पताल पुऱ्याइदिनु न है' भनेर अनुरोध गरेपछि मात्र उहाँ बनाएको रहेछ ।

उहाँले भावुक हुँदै भन्नुभयो, 'श्रीमती हुँदा तातोपानी तताएर दिन्थिन्। हामी दुईजना एकअर्काको सहारा थियौं। अहिले उनी पनि बितिन्। एक्लै हुँदा त कति गाह्रो हुँदो रहेछ !' उहाँका ती शब्द सुन्दा मन एकाएक भारी भयो । जीवनभरि सँगै बिताएको जीवनसाथी गुमाउनु आफैंमा असह्य पीडा हो । त्यसमाथि बुढेसकालमा घरभित्र एक्लै बस्नुपर्ने अवस्था आउँदा त्यो पीडा झन् गहिरो हुँदो रहेछ । घर उही छ, कोठा उही छ, भान्सा उही छ, तर बिहान उठ्दा चिया सोध्ने, तातोपानी तताएर दिने र स्वास्थ्यको ख्याल गर्ने मान्छे छैन ।

उहाँले अगाडि सुनाउनुभयो, 'आज अस्पताल आउन पनि भाइको छोरा, बुहारी र नातिनीहरूलाई भन्नुपर्छ । मलाई एक्लै आउन गाह्रो छ । आफूलाई गाह्रो पर्दा उनीहरूलाई पनि समय हुँदैन । म



बेचेर परिवारको चुलो बालिरहेका छन् । आँ ना सन्तानको भविष्य बनाउन, घरपरिवारको ऋण तिर्न र आर्थिक अवस्था सुधार्न उनीहरु विदेशी भूमिमा कठिन संघर्ष गरिरहेका छन् ।

अर्कोतर्फ, कोही उच्च शिक्षा हासिल गर्ने उद्देश्यले अमेरिका, अस्ट्रेलिया, क्यानडा, बेलायत तथा युरोपका विभिन्न देश पुगेका छन् । पढाइ पूरा गरेपछि रोजगारी, स्थायी बसोबास (PR), ग्रिन कार्ड र विदेशी नागरिकको बाटो रोज्दै उतै आफ्नो जीवन र पुस्ता स्थापित गरिरहेका छन् ।

विदेश जानु गलत होइन । आफ्नो भविष्य निर्माण गर्नु, आर्थिक रूपमा सबल बन्नु र सन्तानलाई राम्रो शिक्षा दिन चाहनु पनि स्वाभाविक हो । विदेशमा रहेका नेपालीहरूको सङ्घर्ष, त्याग र परिश्रमलाई सम्मान गर्नुपर्छ । तर यही परिवर्तनको अर्को पाटो पनि छ, जसको चर्चा हामीले त्यति धेरै गरिरहेका छैनौं । त्यो हो-नेपालमा उमेरले थाकेका, शरीरले अशक्त बनेका र मनले सन्तानको प्रतीक्षा गरिरहेका वृद्ध आमाबुवाको एक्लोपन ।

आज धेरै नेपालीहरू विदेशमा छन्। छोरा, बुहारी, छोरी, ज्वाइँ र नातिनातिना सबै विदेशी भूमिमा आफ्नो संसार निर्माण गरिरहेका छन् । नेपालमा भने जन्म दिने अस्पताल आइपुग्नुभएको रहेछ ।

उहाँको स्वास्थ्य अवस्थाबारे जानकारी लिने क्रममा पारिवारिक अवस्थाबारे पनि बुझ्ने अवसर मिल्यो । उहाँको काठमाडौंमै दुईवटा घर रहेछन्। तर दुवै घर भाडामा लगाइएका रहेछ । छोरा, बुहारी, छोरी, ज्वाइँ र नातिनातिना सबै विदेशमा स्थायी रूपमा बसोबास गरिरहेका रहेछन्। बाहिरबाट हेर्दा उहाँको परिवार सम्पन्न देखिन्थ्यो। घर थियो, सम्पत्ति थियो, छोराछोरी थिए, नातिनातिना थिए । तर वास्तविक जीवनमा उहाँसँग सबैभन्दा आवश्यक कुरा थिएन- आफ्नो दुःखमा साथ दिने एउटा आत्मीय हात ।

उहाँकी श्रीमतीको मृत्यु भएको एक वर्ष मात्र भएको रहेछ । उहाँ सुगर प्रेसर को औषधि खान थालेको करिब २५-३० वर्ष जति भएछ। अहिले (osteoarthritis) घुँडा खिइने समस्याले घरको सिडीहरु पनि उक्लिन र ओर्लिन निकै समस्यामा देखिनुहुन्थ्यो । श्रीमती जीवित रहँदासम्म दुवैजना एकअर्काको सहारा बनेर जीवन बिताएका रहेछन् । बिहान उठ्दा तातोपानी तताएर दिने, खानपिनको ख्याल गर्ने, बिरामी पर्दा औषधि खान सम्झाइदिने र दिनभरिका कुरा एकअर्कासँग बाँड्ने साथी थिइन् । उमेरले कमजोर हुँदै गएको शरीरलाई श्रीमतीको साथले केही सहज आफैं हिँडेर आउन सक्ने अवस्थामा छैन।' यति भन्दै गर्दा उहाँका आँखाबाट आँसु झरे । सायद ती आँसुमा श्रीमती गुमाउनुको पीडा थियो । सन्तान टाढा हुनुको दुःख थियो । शरीरले साथ छोड्दै जानुको बाध्यता थियो । अनि आफूलाई गाह्रो पर्दा समाल्ने एउटा हातसमेत नहुनुको असहायपन थियो ।

त्यो क्षण म केही समय निःशब्द भएँ। स्वास्थ्यकर्मीका रूपमा अस्पतालमा दैनिक विभिन्न उमेर र अवस्थाका बिरामीहरु भेटिन्छन्। कसैलाई शारीरिक पीडा हुन्छ, कसैलाई आर्थिक समस्या हुन्छ, कसैलाई मानसिक तनाव हुन्छ । तर ती बुवाको पारिवारिक अवस्था र उहाँले सुनाउनुभएका कुराले मनभित्र एउटा गहिरो प्रश्न जन्माइदियो-के मानिसको जीवनमा सम्पत्ति हुनु मात्रै पर्याप्त रहेछ? के ठूलो घर हुनु नै सुरक्षित जीवनको पहिचान हो? के बैंक खातामा पैसा हुनु नै बुढेसकालको सम्पूर्ण सहारा हो ?

सायद होइन । मानिसको जीवनमा एउटा यस्तो समय आउँछ, जहाँ उसलाई धेरै सम्पत्तिभन्दा आफ्नै मान्छेको साथ आवश्यक हुन्छ। बिरामी हुँदा औषधिसँगै हेरचाह चाहिन्छ । शरीर कमजोर हुँदा सहारा चाहिन्छ । मन दुख्दा सुनिदिने कान चाहिन्छ। एक्लोपनले सताउँदा छेउमा

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
अरूको सहयोग पाइनेछ। रोकिएका काम बन्न सक्छन्। आर्थिक लाभका अवसरहरु देखापर्नेछन्।

वृष
धैर्य र संयम जरूरी छ। पारिवारिक जिम्मेवारी बढ्ने सम्भावना छ। खर्चमा नियन्त्रण आवश्यक छ।

मिथुन
मित्रताको घनिष्ठता बढ्नेछ। सामाजिक काममा प्रशंसा प्राप्त हुनेछ। पढाइ र प्रतियोगितामा मन जानेछ।

कर्कट
कर्म क्षेत्रमा केही उतारचढाव आउन सक्छ। जिम्मेवारी बढ्नेछ, तर मेहनतको उचित फल पाउने सम्भावना छ।

सिंह
भाग्यवृद्धिको समय छ। नयाँ काम सुरू गर्न उपयुक्त दिन। पारिवारिक मेलमिलाप हुनेछ। मान-प्रतिष्ठा बढ्नेछ।

कन्या
रोकिएका काममा प्रगति हुनेछ। आफन्तसँग सम्बन्ध मधुर बन्नेछ। आर्थिक पक्ष सुदृढ बन्नेछ।

तुला
आज मन केही अस्थिर र हन सक्छ। निर्णय गर्दा हतार नगर्नुहोस्। साथीभाइको सहयोगले राहत मिल्नेछ।

वृश्चिक
कार्यस्थलमा जिम्मेवारी बढ्नेछ। परिश्रमअनुसार उपलब्धि पाइनेछ। आर्थिक लाभको सम्भावना छ।

धनु
रोकिएका कार्य बन्नेछन्। अध्ययन र यात्रामा सफलता पाइन सक्छ। प्रेम र सम्बन्धमा प्रगाढता बढ्नेछ।

मकर
घरेलु विवाद वा मानसिक तनाव बढ्न सक्छ। खर्चमा नियन्त्रण गर्नुहोस। स्वास्थ्यमा ध्यान दिनु आवश्यक छ।

कुम्भ
नयाँ योजना बन्न सक्छ। पारिवारिक सहयोगले आत्मबल बढाउनेछ। प्रेम र मित्रतामा खुसी मिल्नेछ।

मीन
मान-सम्मान र प्रतिष्ठा बढ्नेछ। स्वास्थ्यमा सुधार का संकेत छन्। शुभचिन्तकको सहयोगले काम सफल हुनेछ।

बुढेसकालको एक्लोपन : .....

बसेर दुई शब्द बोलिदिने मान्छे चाहिन्छ । विशेषगरी वृद्धावस्थामा यी सामान्यजस्ता लाग्ने कुराहरु नै जीवनका सबैभन्दा अमूल्य आवश्यकता बन्न पुग्छन् ।

हामीले आजको आधुनिक समाजमा मानिसको सम्पन्नता घर, जग्गा, गाडी, बैंक ब्यालेन्स र विदेशी नागरिकताबाट मापन गर्न थालेका छौं। कसैका छोराछोरी विदेशमा छन् भने परिवार सफल भएको ठान्छौं । कसैले विदेशमा घर बनायो, पिआर पायो वा ग्रिन कार्ड प्राप्त गऱ्यो भने त्यसलाई ठूलो उपलब्धि मान्छौं । तर ती उपलब्धिको पछाडि नेपालमा रहेका बुढा आमाबुवाको जीवन कस्तो छ भन्ने कुरा कति पटक सोच्ने गरेका छौं ?

एउटा वृद्ध बुवाको घरमा दुईवटा घर छन्, तर आफूलाई अशक्त हुँदा तातोपानी तताएर दिने मान्छे छैन । छोराछोरी छन्। तर अस्पतालसम्म हात समातेर पुऱ्याउने कोही छैन । नातिनातिना छन् । तर उनीहरूको हाँसो घरभित्र सुनिँदैन । यस्तो अवस्थामा आर्थिक सम्पन्नता हुँदाहुँदै पनि मानिस भावनात्मक रूपमा कति गरिब बन्न पुग्दो रहेछ भन्ने कुरा ती बुवाको अवस्थाले स्पष्ट देखायो ।

वास्तवमा वृद्धावस्था जीवनको अत्यन्त संवेदनशील चरण हो । उमेर बढ्दै जाँदा शरीरका अङ्गहरूको कार्यक्षमता क्रमशः घट्दै जान्छ। मांसपेशी कमजोर हुने, दृष्टि र श्रवणशक्ति कम हुने, हिँडडुलमा कठिनाइ हुने र विभिन्न दीर्घरोग देखिने सम्भावना बढ्छ। उच्च रक्तचाप, मधुमेह, मुटुरोग, दम, जोर्नी दुखाइ तथा हड्डी कमजोर हुने समस्याले दैनिक जीवनसमेत प्रभावित बनाउन सक्छन्।

यस्तो अवस्थामा नियमित स्वास्थ्य परीक्षण, औषधिको उचित व्यवस्थापन, सन्तुलित खानपान र पारिवारिक हेरचाह अत्यन्त आवश्यक हुन्छ । तर एक्लै बस्ने बुढा आमाबुवाले समयमै खाना पकाउन नसक्ने, औषधि खान बिर्सने, स्वास्थ्य परीक्षण गराउन नपाउने र बिरामी हुँदा अस्पतालसम्म पुग्न नसक्ने अवस्था आउन सक्छ । घरभित्र चिप्लिएर लड्दा चोटपटक लाग्ने, हड्डी भाँचिने वा आकस्मिक स्वास्थ्य समस्या हुँदा समयमै उपचार नपाउने जोखिमसमेत रहन्छ ।

शारीरिक समस्याभन्दा कम गम्भीर हुँदैन मानसिक स्वास्थ्यको समस्या । जीवनसाथी गुमाउनु, सन्तान टाढा हुनु, आफ्नो कुरा सुनिदिने मान्छे नहुनु र दिनभरि एक्लै बस्नुपर्ने अवस्थाले तनाव, चिन्ता र डिप्रेसनजस्ता समस्या निम्त्याउन सक्छ । कतिपय वृद्धवृद्धा आफ्नो पीडा कसैलाई सुनाउन नसकेर मनभित्रै दबाएर बसिरहेका हुन्छन् । बाहिरबाट शान्त देखिए पनि भित्रभित्रै उनीहरू एक्लोपनसँग संघर्ष गरिरहेका हुन सक्छन् ।

हामीले वृद्ध वृद्धाको स्वास्थ्य भन्नाले केवल शारीरिक रोगको उपचारलाई मात्र बुझ्नु हुँदैन । उनीहरूको मानसिक, सामाजिक र भावनात्मक स्वास्थ्यलाई पनि उत्तिकै महत्त्व दिनुपर्छ। उनीहरूसँग कुरा गर्नु, उनीहरूको अनुभव सुन्नु, समय दिनु र परिवारको महत्त्वपूर्ण सदस्यका रूपमा सम्मान गर्नु पनि स्वास्थ्य हेरचाहकै एउटा हिस्सा हो ।

तर यहाँ विदेशमा रहेका सबै सन्तानलाई दोष दिनु उचित हुँदैन। धेरै नेपाली युवा आफ्ना बुवाआमालाई छोडेर रहरले विदेशिएका होइनन् । देशभित्र रोजगारीको अभाव, न्यून पारिश्रमिक, आर्थिक जिम्मेवारी र अवसरको कमीले उनीहरु विदेशिन बाध्य भएका छन्। कतिपयले ऋण तिर्न, कतिपयले सन्तानको भविष्य बनाउन र कतिपयले आँ ना आमाबुवाको उपचार खर्च जुटाउन विदेशी भूमिमा पसिना बगाइरहेका छन् । उनीहरूका पनि आफ्नै संघर्ष र पीडा छन् ।

तर एउटा कुरा हामीले बुझ्न जरूरी छ-भौगोलिक दूरीले पारिवारिक जिम्मेवारी समाप्त गर्दैन। विदेशमा बसेर पनि आफ्ना आमाबुवाको जीवनमा उपस्थित हुन सकिन्छ । दैनिक केही समय निकालेर फोन गर्न सकिन्छ। स्वास्थ्य अवस्थाबारे नियमित जानकारी लिन सकिन्छ। औषधि, उपचार र नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्न सकिन्छ। आफू उपस्थित हुन नसक्ने अवस्थामा विश्वासिलो आफन्त, छिमेकी वा हेरचाहकर्तासँग समन्वय गर्न सकिन्छ। आकस्मिक अवस्थामा अस्पताल लैजाने व्यक्ति र सम्पर्कको व्यवस्था मिलाउन सकिन्छ ।

पैसा पठाउनु जिम्मेवारीको एउटा महत्त्वपूर्ण पक्ष हो । तर समय दिनु र भावनात्मक साथ दिनु पनि उत्तिकै आवश्यक छ। आमाबुवालाई सधैं ठूलो रकम चाहिएको हुँदैन। कहिलेकाहीं उनीहरूलाई केवल छोराछोरीको आवाज सुन्न मन लाग्छ । आफ्नो स्वास्थ्यबारे कुरा गर्न मन लाग्छ। नातिनातिनासँग केही समय बिताउन मन लाग्छ । आफू अझै पनि छोराछोरीका लागि महत्त्वपूर्ण छु भन्ने अनुभूति गर्न मन लाग्छ ।

हामीले यो पनि बुझ्नुपर्छ कि बुढ्यौलीमा मानिसको शरीर मात्र कमजोर हुँदैन, मन पनि संवेदनशील बन्दै जान्छ। सानो कुराले पनि मन दुख्न सक्छ। कहिलेकाहीं एउटै कुरा पटकपटक दोहोऱ्याउन सक्छन् । काम गर्न ढिलो हुन सक्छ । आफ्नो कुरा सुनिदिने र धैर्यपूर्वक व्यवहार गर्ने मान्छेको आवश्यकता अझ बढी हुन्छ। यस्तो अवस्थामा उनीहरूलाई झर्को मान्ने होइन, सम्मान र धैर्यका साथ साथ दिनुपर्छ ।

कहिलेकाहीं एउटा फोन, एउटा भेटघाट, अस्पतालसम्म पुऱ्याइदिने एउटा हात र केही मिनेटको आत्मीय कुराकानीले पनि कसैको जीवनमा ठूलो परिवर्तन ल्याउन सक्छ । त्यसैले वृद्धवृद्धाको हेरचाह केवल परिवारको निजी जिम्मेवारी मात्र होइन, मानवीयता र सामाजिक उत्तरदायित्वको विषय पनि हो । आज अस्पतालमा भेटिएका ती ८२ वर्षीय बुवाको अनुहार र आँखाबाट झरेका आँसु अझै मेरो मनमा ताजै छन् । उहाँसँग दुईवटा घर छन् । तर घरमा एक्लोपन छ। परिवारका सदस्यहरु छन् । तर छेउमा बसेर दुःख सुनिदिने कोही छैन । सम्पत्ति छ। तर आफूलाई गाह्रो पर्दा समात्ने हातको अभाव छ।

सायद उहाँलाई ठूलो घर चाहिएको थिएन । महङ्गो गाडी चाहिएको थिएन । विदेशमा रहेका सन्तानको आर्थिक सफलताको चर्चा पनि चाहिएको थिएन। उहाँलाई त आफूलाई गाह्रो हुँदा कसैले तातोपानी तताएर दिइदिए हुन्थ्यो भन्ने चाहना थियो। अस्पताल जानुपर्ने बेला कसैले हात समातेर पुऱ्याइदिए हुन्थ्यो भन्ने अपेक्षा थियो। श्रीमती बितेपछि एक्लो बनेको मनको पीडा कसैले सुनिदिए हुन्थ्यो भन्ने रहर थियो ।

उहाँको त्यो अवस्थाले आजको लागि आधुनिकताको नाममा कतै पारिवारिक आत्मीयता त गुमाइरहेका छैनौं ? आफ्ना सन्तानका लागि सुन्दर भविष्य निर्माण गर्ने क्रममा आफूलाई जन्म दिने आमाबुवाको वर्तमान त एक्लो बनाइरहेका छैनौं ? आज हामी जवान छौं। आफ्ना खुट्टामा उभिन सक्छौं। काम गर्न सक्छौं । संसारको जुनसुकै कुनामा पुग्न सक्छौं। तर सधैं यही अवस्था रहिरहँदैन। उमेर बढ्दै जाँदा हामी पनि कमजोर हुनेछौं। हामीलाई पनि सहारा चाहिनेछ। हामीले पनि आफ्ना सन्तानसँग केही समय बिताउन चाहनेछौं । त्यसैले आज आफ्ना आमाबुवालाई कस्तो व्यवहार गर्छौं भन्ने कुरा भोलिको पुस्ताका लागि पनि एउटा उदाहरण बन्नेछ ।

अन्त्यमा, विदेशमा रहेका सम्पूर्ण नेपाली सन्तानलाई एउटा सानो अनुरोध छ- आफ्नो भविष्य बनाउनुहोस्, उच्च शिक्षा हासिल गर्नुहोस्, आर्थिक रूपमा सफल बन्नुहोस् र संसारका अवसरहरु उपयोग गर्नुहोस् । तर आफ्नो सफलताको यात्रामा जन्म दिने आमाबुवाको बुढेसकाललाई नबिर्सनुहोस् । उहाँहरूलाई पैसा मात्र होइन, समय पनि दिनुहोस्। घर मात्र होइन, आत्मीयता पनि दिनुहोस् । औषधि मात्र होइन, हेरचाह पनि दिनुहोस्। आफू टाढा भए पनि उहाँहरु एक्लो हुनुहुन्न भन्ने अनुभूति दिलाउनुहोस् ।

किनकि आमाबुवाले हामीलाई हुर्काउँदा आफ्नो जीवनका अनगिन्ती रहर त्यागेका थिए । हाम्रो भविष्यका लागि आफ्नो वर्तमान खर्च गरेका थिए । आज उनीहरूको जीवनको साँझमा हामीले सकेसम्म सहारा बन्न सक्नुपर्छ । घर ठूलो भएर मात्र परिवार ठूलो हुँदैन । सम्पत्ति धेरै भएर मात्र जीवन सम्पन्न हुँदैन । बुढेसकालमा मानिसलाई सबैभन्दा बढी चाहिने कुरा भनेको आफ्ना मान्छेको साथ, सम्मान, माया र हेरचाह हो ।

आज हामीले आफ्ना सन्तानका लागि भविष्य निर्माण गरौं । तर आमाबुवाको वर्तमानलाई एक्लोपनको जिम्मा नलगाऔं । विदेशमा महल बनाउनुहोस्, संसार जित्नुहोस्, आफ्नो पुस्ताको भविष्य उज्ज्वल बनाउनुहोस्; तर नेपालमा रहेका आफ्ना आमाबुवाको घरको आँगन सधैं सुनसान नबनाउनुहोस्। किनकि कुनै दिन हामीसँग आमाबुवालाई फोन गर्ने नम्बर त बाँकी रहला, तर फोन उठाएर 'बाबु, कस्तो छौ?' भन्ने त्यो आवाज नहुन सक्छ । त्यसैले समय छँदै माया गरौं, समय छँदै साथ दिऔं र समय छँदै उनीहरूको मन बुझौं। आमाबुवाको बुढेसकालमा उनीहरूलाई हाम्रो सफलताको प्रमाणपत्रभन्दा बढी हाम्रो उपस्थितिको आवश्यकता हुन्छ। नेपालप्रेसबाट (लेखक शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा कार्यरत छिन् ।)



अनुदान र स्थानीय खपतको ....

खेती भइरहेको छ ।

स्थानीय उत्पादनको बजार सुनिश्चित गर्न नगरपालिकाले कृत्रिम फूलमालाको उत्पादन, आयात, बिक्रीवितरण, भण्डारण तथा प्रयोगमा समेत प्रतिबन्ध लगाएको छ । सार्वजनिक सूचना जारी गर्दै प्लास्टिकजन्य कृत्रिम फूलमाला र सजावटी सामग्रीको सट्टा प्राकृतिक फूल तथा स्थानीय उत्पादन प्रयोग गर्न नगरवासीलाई आग्रह गरिएको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले किसानको आम्दानी वृद्धि, स्थानीय उत्पादनको प्रवर्धन र वातावरण संरक्षणलाई एकसाथ जोडेर पुष्प खेती विस्तारको नीति अघि बढाइएको बताए । स्थानीय उत्पादनको प्रयोग बढ्दा किसानले बजार पाउने र नगरभित्रै आर्थिक गतिविधि विस्तार हुने उनको भनाइ छ ।

तिहार, छठ, विवाह तथा विभिन्न धार्मिक र सांस्कृतिक कार्यक्रममा स्थानीय किसानले उत्पादन गरेका फूल प्रयोग गर्न नगरपालिकाले आग्रह गरेको छ । स्थानीय उत्पादनलाई प्राथमिकता दिने नीति प्रभावकारी कार्यान्वयन हुन सके बाहिरबाट फूल आयात गर्नुपर्ने निर्भरता घट्नुका साथै किसानको उत्पादनले बजार पाउने अपेक्षा गरिएको छ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास नगरपालिका-२, दमौली तनहुँ

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

कात्तिक २१ गते शनिबार

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरुका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरुका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

हाम्रा उपलब्ध सेवाहरु :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

रामशाह माध्यमिक विद्यालय

आँवुखैरेनी गाउँपालिका-३, तनहुँ

क्याटलग/ब्रोसर सपिङ् विधिबाट भन्सार छुटमा सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०७/२० गते

यस विद्यालयको लागि सवारी साधन (स्कुल बस) सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम त्यस्तो सवारी उत्पादन कम्पनि वा सो को आधिकारिक बिक्रेताहरू बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्) विधिबाट खरिद गर्नुपर्ने भएकोले देहाय बमोजिमको सवारी साधनका उत्पादन वा आधिकारिक बिक्रेताबाट सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को आद्यावधिक नवीकरण भएको पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, नियमानुसार कर भुक्तानी गरेको प्रमाणित कागजात, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेसिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहित विवरण(क्याटलग) वा ब्रोसर साथै आवश्यक कागजात संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र विद्यालय समयमा भौतिक रूपमा उपस्थित भई निवेदन दर्ता गराउन आव्हान गरिन्छ ।

तपसिल

क्र.स.	साधनको नाम	संक्षिप्त विवरण	कैफियत
१	School Bus-1	School Bus of Right-hand Drive, suitable for normal and rough road driving in Nepal. The seating capacity of the vehicle should be at least 42 students plus 1 driver with all passenger seats facing forward and should be in compliance with School Bus Guidelines, 2074. The Gross vehicle weight (GVW) of the vehicle shall not be less than 7000kg	संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत Technical Specification बमोजिम हुनेछ। स्विकृत Technical Specification का लागि विद्यालय प्रशासनमा सम्पर्क वा दिएको नम्बरमा सम्पर्क गर्न सकिनेछ।

१. सूचना प्रकाशित भएको मितिले १५औं दिन २०८३/०८/०४ गतेसम्म विद्यालय समय भित्र रितपूर्वक निवेदन दर्ता गराउन सकिने छ । यस विद्यालयमा नियमानुसार दर्ता भएका निवेदन मिति २०८३/०८/०७ गते सोमबारका दिन निवेदन दाताहरू समेतको रोहवरमा खोलिनेछ । निवेदन दाता वा प्रतिनिधी उपस्थित नभएमा पनि निवेदन खोल्न बाधा पर्ने छैन । निवेदन दर्ता वा खोल्ने दिन बिदा परेमा सो पछि लगत्तै विद्यालय खुलेको दिन उल्लेखित कार्यहरू हुनेछ ।

२. थप जानकारीका लागि फोन नः ०६५५४००८४, ९८४६९३८५७१ मा सम्पर्क गर्न सकिनेछ ।

प्रधानाध्यापक

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



बन्दीपुरमा पर्यटक : पर्यटकीय नगरी तनहुँको बन्दीपुरस्थित खड्गदेवी मन्दिर परिसरमा आरम गर्दै गरेको वाह्य पर्यटक । पर्यटकीय याम सुरू भएसंगै बन्दीपुरमा आन्तरिक तथा वाह्य पर्यटकको आगमन बढ्दै गएको छ । *तस्विर : भञ्ज्याङ*

खेलमैदानको प्याराफिटमुनि सरसफाइ

भञ्ज्याङ समाचारदाता/दमौली



तनहुँको दमौलीस्थित खेलकुद मैदानको प्याराफिटमुनि लामो समयदेखि थुप्रिएको फोहोर सामाजिक अभियन्ता सुदिप गफ्फारले सरसफाइ गरेका छन्।

प्याराफिटमुनि फोहोर तथा दिशा-पिसाबका कारण दुर्गन्ध फैलिन थालेपछि गफ्फारले बिहीबार सरसफाइ अभियान सञ्चालन गरेका हुन् । उनको पहलमा प्याराफिटमुनिको करिब दुईतिहाइ भाग सफा गरिएको छ भने बाँकी एकतिहाइ भागको सरसफाइ गर्न बाँकी छ । खेलकुद तथा सार्वजनिक गतिविधि सञ्चालन हुने स्थानमै फोहोर र दुर्गन्धको समस्या बढ्दै गएपछि गरिएको यस अभियानले खेलमैदानको वातावरण स्वच्छ बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । सार्वजनिक स्थलको सरसफाइ र संरक्षणमा सम्बन्धित निकायसँगै नागरिकको सक्रियता पनि आवश्यक देखिएको छ ।

facebook twitter



Deepak Raj Joshi
x.com/kapeed

बिस्तारै नेपालमा राजनीतिक पार्टीहरु कम्पनीमा रुपान्तरण हुँदैछन्, कार्यकर्ता उपभोक्ता बन्दैछन् र मत नै राजनीतिक मुद्रा बन्न थालेको छ ।

रास्वपामा भने नयाँ पुस्ताले बोकेको परिवर्तनको आशा अहिलेसम्म संस्थागत विचार, स्पष्ट नीति र बलियो संगठनभन्दा बढी व्यक्तिमा केन्द्रित देखिन्छ ।

प्रधानमन्त्री पार्टीभन्दा माथि देखिनु, पार्टी अध्यक्ष सरकारको प्रतिरक्षामा उत्रिनु र सांसदहरुले सार्वजनिक रुपमै असन्तुष्टि व्यक्त गर्नुपर्ने अवस्था आउनु सामान्य राजनीतिक मतभेद मात्र होइन । यी घटनाले पार्टीभित्रको संस्थागत अभ्यास, आन्तरिक लोकतन्त्र र नेतृत्वको जवाफदेहितामाथि गम्भीर प्रश्न उठाउँछन् । पार्टी र सरकारबीच नै आवश्यक राजनीतिक तालमेल र समन्वय देखिँदैन। लोकतन्त्रमा कुनै पार्टी व्यक्तिको लोकप्रियताले मात्र बलियो हुँदैन । त्यसको वास्तविक शक्ति विचार, विधि, संगठन, आन्तरिक लोकतन्त्र र सामूहिक उत्तरदायित्वमा निहित हुन्छ ।

अनुहार परिवर्तन हुँदैमा राजनीतिक संस्कार परिवर्तन हुँदैन । नयाँ अनुहारले पुरानै राजनीतिक प्रवृत्ति बोकेर आउँछ भने त्यसलाई परिवर्तन भन्न मिल्दैन । व्यवस्था बदल्ने दाबी गर्नेहरुले सबैभन्दा पहिले आफ्नै पार्टी सञ्चालन गर्ने संस्कार बदल्न सक्नुपर्छ ।

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com
Call: 065-563907, 9856060376

पोखरामा सन्नाटा, सिजनमै .....

पर्यटकहरु धमाधम फर्किन थालेका उनले बताए । हाल पोखरामा रहेका पर्यटकमध्ये २५ प्रतिशत जति आन्तरिक पर्यटक छन् । बाँकी भारतीय र केही विदेशी पर्यटक छन् । यो सिजनमा बंगलादेशी पर्यटकको संख्या भने विगतभन्दा केही बढेको व्यवसायीहरु बताउँछन्। लगभग ८ खर्बको लगानी पोखराको पर्यटनमा रहेको अनुमान छ। त्योमध्ये ६ खर्ब त होटलमा मात्रै छ । बाँकी रेष्टुरेन्ट, ट्राभल, ट्रेकिङ लगायत अन्य क्षेत्रमा पनि छ। अहिले पोखरा आसपासमा १ हजार ४ सयभन्दा बढी पर्यटकीयस्तरका होटल सञ्चालनमा छन्, जहाँ ४० हजार बेड छ ।

पर्यटकको संख्या कम हुँदा व्यवसायमा पनि अस्वस्थ प्रतिस्पर्धा बढेको सुवेदीले सुनाए। 'हामीले रेट लिन नसक्नु हाम्रै कमजोरी हो । अस्वस्थ प्रतिस्पर्धा गर्यौं । यो संसारमै ५ डलरमा रूम पाइँदैन,' उनले भने, 'त्यो पाइने पोखरामा मात्रै होला । कोठा खाली राख्नुभन्दा जतिमा भए पनि दिउँ भन्ने सोच व्यवसायीमा छ । माग नभएपछि मूल्य भनेजति लिन सकिँदैन।' ५० प्रतिशत अकुपेन्सी नभए होटल-रेष्टुरेन्टले व्यवसाय धान्न नसकिने व्यवसायीको आकलन छ । हाल वार्षिक २५ देखि ३० प्रतिशत जतिमात्रै अकुपेन्सी देखिन्छ। त्यसो त पोखरामा चेन होटल पनि खुल्न सकेका छैनन् । यहाँ ५ तारे होटल एउटामात्रै छ । औंलामा गन्न सकिने चारतारे छन् भने अरू त्यसभन्दा तलका छन् । चेन होटललाई आकर्षित गर्ने नीति सरकारले बनाउनुपर्ने व्यवसायीहरुको माग छ ।

कहाँ घुम्छन् पर्यटक ?

पोखरा पर्यटनको राजधानी हो। गण्डकी प्रदेश सरकारले विभिन्न मापदण्ड बनाएर ३ वर्षअघि पर्यटनको राजधानी घोषणा गरे पनि त्यसमा पोखरा एक्लो होइन । आसपासका पर्यटकीय गन्तव्यलाई समेत जोडेर राजधानी बनाइएको पर्यटन मन्त्रालयले जनाएको छ। हरेक जिल्लामा पर्यटकीय गन्तव्य तोकिएको छ । त्यहाँ पूर्वाधार निर्माण र प्रचार प्रसारमा सरकारले सहयोग गरेको छ । प्रदेशका १ सय गन्तव्य घोषणा गरिएको थियो ।

त्यसअघि नै गण्डकीमा संरक्षण क्षेत्र आयोजनाभित्र पदयात्राका लागि हजारौं पर्यटक बर्सेनि आउने गरेका तथ्याङ्क छ । पोखरा र आसपासमा पर्यटक घटे पनि अन्नपूर्ण क्षेत्रमा आउने पर्यटकमा खासै अन्तर देखिएको छैन। एक्यापको तथ्याङ्क अनुसार अघिल्लो वर्षको असोज महिनामा २० हजार ५२८ विदेशी र १० हजार १९ जना सार्क राष्ट्रका पर्यटकले भ्रमण गरेका थिए। अहिले तथ्याङ्क हेर्दा त्यो संख्या केही घटेको छ, तर टिठलाग्दो छैन । 'आन्तरिक पर्यटकहरु पदमार्गमा पनि घटेका छन् । विदेशी र सार्क राष्ट्रका पर्यटकको संख्यामा उल्लेख्य गिरावट छैन', एक्याप पोखराका प्रमुख डा. रविन कडरियाले भने, 'ट्रेकिङमा नघटे पनि पोखरा र अन्य गन्तव्यहरुमा धेरै नै कम पर्यटक आएको भन्ने आकलन छ ।'

गत असोजमा २० हजार ३१८ विदेशी र १२ हजार ६४५ सार्क राष्ट्रका पर्यटकले एक्यापमा घुम्ने परमिट लिएका थिए । गण्डकीमा मुस्ताङ र मनाङ तथा ढोरपाटन घुम्न जाने पर्यटकको संख्या पछिल्ला वर्ष धेरै नै बढेको छ। त्यसबाहेक अन्नपूर्ण आधार शिविर र मनास्लु सर्किटमा पनि पर्यटक उल्लेख्य रुपमा गइरहेका छन् । पोखरामा आएका पर्यटकहरु एडभेन्चर गतिविधिमा सहभागी हुन्छन् । बञ्जी जम्प, जीप फ्लायर, हट एयर बेलुन, प्याराग्लाइडिङ, अल्ट्रालाइटमा रमाउने पर्यटक धेरै छन् । यद्यपि, गत वर्षजस्तो व्यापार यी गतिविधिमा पनि नभएको पोखरा पर्यटन परिषद्ले जनाएको छ। पर्वतको कुश्मामा बन्जी गर्नेहरु बर्सेनि बढिरहेका छन्। यहाँ विदेशीभन्दा स्वदेशी पर्यटक धेरै पुग्छन् । त्यसबाहेक आसपासका होमस्टेहरुमा रमाउन जानेहरु पनि धेरै छन् । खासगरी बिदाको समय पारेर परिवारसहित आन्तरिक पर्यटक होमस्टे र नजिकका पर्यटकीय गाउँहरुमा समय बिताउन पुग्छन् ।

राजधानी बनेपछि के भयो?

पोखराका मेयर धनराज आचार्यलाई सामाजिक सञ्जालमा अधिक प्रश्न आउँछ, 'पर्यटकीय राजधानी घोषणा गरेपछि पोखरालाई के फाइदा भयो ? हिजो र आजमा के परिवर्तन छ ?' सार्वजनिक कार्यक्रमहरुमा उनले जबाफ फर्काउँछन्, 'पर्यटकको संख्या केही बढेको छ। त्योभन्दा बढी दातृ निकायको लगानी पोखरामा थपिएको छ । एडीबी, वर्ल्ड बैंकजस्ता दातृ संस्थाहरुले पर्यटनको राजधानी भएकै कारण लगानीका लागि थप निर्णय गरेका छन् ।' पोखरामा अहिले ३० अर्बभन्दा बढी दातृ निकायको बजेटले विभिन्न योजनामा काम भइरहेको उनको दाबी छ ।

प्रदेश सरकारले विभिन्न मापदण्ड तयार गरेरै पर्यटकीय राजधानी घोषणा गरेको हो । घोषणा गर्ने सिफारिस समितिका संयोजक नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा पर्यटनलाई ब्राण्डिङ गर्न सहयोग पुगेको बताउँछन्। 'पहिले पनि अघोषित रुपमा पर्यटकीय राजधानी नै थियो । हामीले त्यसलाई घोषणा गरेका हौं,' उनले भने, 'घोषणापछि पोखराको थप ब्राण्डिङ भएको छ । विश्वको नजरमा पोखरा परेको छ ।' सरोकारवालाहरु चाहिँ राजधानी घोषणापछि पनि खासै फरक नपरेको गुनासो गर्छन् ।

९० प्रतिशत होटलको छैन नवीकरण

पोखराको पर्यटन थलिनुमा सरकारी नीति पनि कारक बनेको छ। यहाँका ९० प्रतिशतभन्दा बढी होटल लामो समयदेखि नवीकरण हुन सकेका छैनन्। वातावरण ऐन र स्थानीय सरकारको भवन निर्माण मापदण्डले गर्दा अधिकांश होटल नवीकरण हुन नसकेका हुन् । वातावरण संरक्षण ऐन अनुसार २५ बेडभन्दा माथिका सबै होटलले वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गर्नुपर्छ । ५० वर्षदेखि चलिरहेका होटललाई अहिले आएर वातावरण ऐन लगाइएको छ। बनिसकेका ती होटलले वातावरण अडिट कसरी गर्ने ?,' होटल व्यवसायी विकल तुलाचनले भने, 'अडिटरलाई २-३ लाख बुझाउने बाहेक यसको कुनै उपलब्धि छैन । यो अव्यावहारिक भयो भन्ने हाम्रो भनाइ हो ।'

वातावरणीय मूल्याङ्कनका लागि महानगरपालिकाबाट भवन निर्माण सम्पन्न प्रमाणपत्र लिनुपर्छ, तर यहाँका ९९ प्रतिशत होटलले १ तलाभन्दा बढीको सम्पन्न प्रमाणपत्र लिएका छैनन्। १ तलाको सम्पन्न प्रमाणपत्र लिएर ११ तलासम्म निर्माण गरिएको छ । 'पूरा भवन ८ तलाको छ, तर १ तलाको मात्रै सम्पन्न प्रमाणपत्र हातमा छ,' उनले भने, 'सम्पन्न प्रमाणपत्र नल्याई वातावरणीय प्रभाव मूल्याङ्कन गर्न मिल्दैन । सम्पन्न प्रमाणपत्र महानगरले दिँदैन । अहिले व्यवसायी ठुलो मारमा छन् ।'

स्थानीय सरकार सञ्चालन ऐनमा यस्ता भवनलाई अभिलेख गर्दा ३ सय प्रतिशत जरिबाना तोकिएको छ। महानगरले धेरै पटक अभिलेखिकरणका लागि आउन सूचना निकाले पनि व्यवसायीहरु अटेर गरेर बसेका छन् । होटल नवीकरण नहुँदा अरू व्यवसायमा पनि समस्या परेको उनीहरुले गुनासो गरे । 'गाडी किनेर हरियो प्लेट हाल्छु भन्दा पर्यटन कार्यालयले नवीकरण माग्छ । राष्ट्र बैंकबाट डलर एकाउन्टको अनुमति लिएका छौं, नवीकरण नहुँदा खाता बन्द गरेर बस्नुपरेको छ । नवीकरण नभएका होटल खारेज गर्ने भनेर धम्की पनि आउँछ,' एक व्यवसायीले भने ।

फ्लाई दुबईको उडानले भने उत्साह

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट संयुक्त अरब इमिरेट्सको दुबईका लागि नियमित उडान सुरू भएको एक महिना पूरा भएको छ। सेप्टेम्बर २३ देखि अक्टोबर २३ सम्ममा फ्लाईदुबईको उडानमार्फत ६ हजार ३ सय ६२ यात्रुले यात्रा गरेको विमानस्थलले जानकारी दिएको छ । उडान मार्फत एक महिनामा मात्रै दुबईबाट पोखरा ४ हजार ५२१ र पोखराबाट दुबई जाने यात्रुको संख्या १ हजार ८४१ छ । पोखरा-दुबई हवाई सम्पर्कलाई निरन्तरता दिने प्रतिबद्धता स्वरुप फ्लाईदुबईले सन् २०२७ अक्टोबरसम्मका लागि टिकट बुकिङ खुला गरेको छ, तर पर्यटक भने खासै छैनन् । 'यो उडान पोखरा र गण्डकीका लागि उत्साहजनक छ । अहिलेसम्म हाम्रै मजदुर दाजुभाइ र दिदीबहिनी चाडवाड मनाउन आउनुभएको छ,' नाट्टा पोखराका पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले भने, 'बिस्तारै पर्यटकहरु आउन थाल्छन्। अब पोखरा अन्तर्राष्ट्रिय सहरमा परिचित भएको छ । ३ सयभन्दा बढी सहरसँग कनेक्सन भएको छ ।' पोखराका लागि फ्लाई दुबईको उडान कोशेढुंगा हुने उनको विश्वास छ ।

बसाइ लम्ब्याउने चिन्ता

व्यवसायीदेखि नीति निर्मातासम्मलाई पोखरामा पर्यटकको संख्याभन्दा आएका पर्यटकको बसाइ लम्ब्याउने चिन्ता छ । आजभोलि पोखरा आउने पर्यटक छोटो समयमै फर्किन्छन् । नेपाल राष्ट्र बैंक पोखराले गरेको अध्ययन अनुसार गण्डकी भ्रमणमा आउने पर्यटकको औसत बसाइ १२ दिनमात्रै छ । नेपालमा आएका पर्यटक २२ दिन बस्ने अध्ययनले देखाएको छ, तर पर्यटकीय राजधानी भएकै गण्डकीमा झन्डै आधा बसाइ छ । गण्डकी प्रदेश भ्रमण गर्ने विदेशी पर्यटकहरुको प्रमुख गन्तव्य मनाङ र दोस्रो रोजाइ म्याग्दी भएको पाइएको छ । उनीहरुको बसाइ अवधि मनाङमा सर्वाधिक १८.१३ दिन र म्याग्दीमा १३.६२ दिन पाइएको छ । सबैभन्दा कम गोरखामा ४.३७ दिन बसाइ पाइएको छ भने राजधानी पोखरा भएको कास्कीमा १०.६७, नवलपरासी पूर्वमा ७ दिन पाइएको प्रतिवेदनमा उल्लेख छ। घुम्न आउने पर्यटकमध्ये पुरूषको भन्दा महिलाको बसाइ अवधि बढी हुने गरेको देखिएको छ ।

नेपाल भ्रमणमा आउने पर्यटकमध्ये पुरूषको बसाइ अवधि २० दिन हुँदा महिलाको २५ दिन देखाएको छ भने गण्डकीमा पुरूषको बसाइ अवधि ११ दिन हुँदा महिलाको १३ दिन हुने गरेको देखाइएको छ । पर्यटकको बसाइ जति घट्यो, उति खर्च पनि कम हुन्छ । ती पर्यटकले दैनिक ६२.८९ अमेरिकी डलर अर्थात ८ हजार ३५५ रूपैयाँ २९ पैसा नेपाली रूपैयाँ खर्च गर्ने गरेको अध्ययनमा उल्लेख छ । मनसुनजन्य बाढी-पहिरोले सडक सञ्जालमा ठुलो क्षति पुऱ्याए पनि पोखराको पर्यटन क्षेत्र तीव्र गतिमा पुनरूत्थानको लयमा फर्किएको नेपाल पर्यटन बोर्डका सदस्य सन्तोष पोखरेलले बताए । 'विपदको समयमा नेपाल ध्वस्त भएको सूचना सबैतिर फैलियो। यसबाट नकारात्मक सन्देश गयो । पर्यटकहरुले बुकिङ क्यान्सिल गर्न थाले,' उनले भने, 'तर हामीले नेपाल सबैतिर समस्या छैन भन्ने सन्देश तुरून्तै पठायौं । अहिले पर्यटकहरु केही घटे पनि टिठलाग्दो अवस्था छैन ।'

उनले पनि पोखराका होटलमा ६० प्रतिशतभन्दा बढी अकुपेन्सी रहेको दाबी गरे। संख्याभन्दा गुणस्तरीय पर्यटक भित्र्याउन सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्नेमा उनको जोड छ। 'अब हामी हिजोको जस्तो कति पर्यटक भित्रिए भनेर संख्यामात्रै गनेर बस्ने बेला छैन । आएका पर्यटकहरुको बसाइ अवधि कसरी लम्ब्याउने भन्ने कुरामा चिन्तन गर्नुपर्छ,' पोखरेलले भने, 'पोखरामा १ दिन घुम्न आउने पर्यटकलाई ३ दिन र ३ दिन बस्नेलाई ९ दिन भुलाउने प्याकेज बनाउनुपर्छ । त्यसमा व्यवसायी, गाइडदेखि ट्याक्सी चालक लगायत सबैले ध्यान दिनुपर्छ । यहाँको स्टोरी टेली गर्न सक्नुपर्छ ।'

उच्चस्तरको आतिथ्यता र मौलिक कथाहरु पस्किएर पर्यटकलाई धेरै समय रोक्न नसके पर्यटन उद्योगबाट मनग्गे लाभ लिन नसकिने उनले सुनाए । पोखरेलले प्रमुख पर्यटकीय गन्तव्यहरुमा वैकल्पिक सडक निर्माण तुरून्त अघि बढाउनुपर्ने बताए । 'पोखरा देशकै राजधानी भए पनि पर्यटनका लागि पूर्ण रुपमा काठमाडौंमाथि निर्भर रहेछौं । कृष्णभिरमा पहिरो जाँदा पोखराको सिङ्गो पर्यटन व्यवसाय ठप्प हुने रहेछ', उनले भने, 'अब वैकल्पिक मार्गबारे ध्यान दिनुपर्छ । एउटा बाटो अवरूद्ध हुँदा अर्को बाटोबाट सहजै पर्यटक आउजाउ गर्न सक्ने भरपर्दो विकल्प बनाउनुपर्छ ।' गण्डकी आएका पर्यटकमध्ये साहसिक क्रियाकलापमा संलग्न हुन आउने सबैभन्दा धेरै ४०.१८ प्रतिशत र सबैभन्दा कम व्यापारिक प्रयोजनका लागि आउने पर्यटक २.९८ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । पर्यटकले भाषागत समस्या, पर्यटन सूचनाको कमी, यातायातको समस्या, सुरक्षालगायतका समस्या भोगेको बताएका छन् । ७१.५९ प्रतिशत पर्यटकले आफ्नो यात्रामा कुनै न कुनै समस्या भोग्नुपरेको गुनासो गरेका छन् । धेरैलाई यातायातको र केहीलाई भुक्तानी तथा भाषाको समस्या देखिएको थियो । रातोपाटीबाट

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४